मिति:२०६८।०७।१७

# राष्ट्रिय महिला आयोगको आयोजनामा गुल्मी जिल्लाको तम्घासमा आयोजित सार्वजनिक सुनुवाई र अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्कमा आयोजित अन्तरक्रिया कार्यक्रम

महिलाको हक हितको संरक्षण र संवर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा समाहित गर्न र महिलाको समग्र विकास गरी लैंङ्गिक न्याय कायम गर्नको लागि राष्ट्रिय महिला आयोगको स्थापना भएको छ । आयोगले महिलाको हक हित र सरोकारको बिषयमा आवश्यकता अनुसार सार्वजनिक सुनुवाई र अन्तरक्रिया कार्यक्रम संचालन गर्दै आएको छ।







यसै क्रममा आयोगले बिभिन्न जिल्लामा महिलाहरूले भोग्दै आएका समस्याहरूको पहिचान, महिला अधिकारको उपभोग गर्नबाट बञ्चित महिलाहरूले जिल्ला स्थित सेवा प्रदायक सरकारी निकायहरूबाट प्राप्त गरेका सेवा सुविधा, सेवा प्राप्त गर्ने क्रममा देखिएका समस्याहरू, महिलाको न्यायमा पहुँचको अवस्था के छ र सम्वन्धित पक्षहरूले आगामी दिनमा निर्वाह गनुपर्ने भूमिका के हुन सक्दछ भन्ने वारेमा २०६८ कार्तिक १७ गते गुल्मी जिल्लाको तम्घासमा आयोगका कार्यवाहक अध्यक्ष मोहना अन्सारीको अध्यक्षतामा सार्वजनिक सुनुवाई कार्यक्रम र २०६८ कार्तिक २० गते अर्घाखाँची जिल्लाको सन्धिखर्कमा आयोगका सचिव डा. बद्री पोखेलको अध्यक्षतामा राज्यद्धारा महिलालाई उपलब्ध गराउने भनि घोषणा गरिएका सेवा सुविधामा महिलाको पहुँच अभिवृद्धी सम्वन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा जिल्ला स्थित सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरू, बिभिन्न राजनीतिक दलका प्रतिनिधीहरू, बिभिन्न गैरसरकारी संस्थाका प्रतिनिधि, महिला तथा बालबालिका कार्यालयसंग प्रत्यक्ष सम्पर्कमा रहेका बिभिन्न समुहका महिलाहरू र स्थानीय पत्रकार, कानुनव्यवशायी र नागरिक समाजका प्रतिनिधिहरू समेतको उपस्थिति रहेको थियो ।





उक्त कार्यक्रममा प्रमुख रूपमा महिला माथि हुने हिंसाका पीडितका लागि सेवा केन्द्रको व्यवस्था नभएको, खानेपानीको समस्याका कारण महिलाले समस्या भोग्नु परेको, बैदेशिक रोजगारमा गएको परिवारका महिला सदस्यहरू हिंसा पीडित भएको, आत्महत्यका घटनाहरू अत्यधिक मात्रामा बृद्धी भएको, परीक्षा केन्द्रमा छात्रा माथि यौनदुर्व्यवहार हुने गरेको, बिकास निर्माणका बिभिन्न समितिहरूमा महिला सहभागिता नगराईएको, महिला माथि हुने हिंसामा राजनीतिक दवावका कारण प्रभाव परेको आदि बिषयहरू सहभागिहरूबाट उठाइएको थियो । महिलाका तमाम समस्याहरू समाधानका लागि सम्वद्ध निकायहरूले प्रतिवद्धता समेत जनाएका थिए ।

यस्ता कार्यक्रमहरूमा उठेका महिला हिंसा र महिला अधिकारका सवालहरूलाई लिएर आयोगले सम्वन्धित क्षेत्रमा नीति एवं कानून निर्माण गरी न्यायको लागि दवाव दिने र कार्यान्वयनका लागि सिफरिस समेत गर्ने गरेको छ । विस्तृत कार्यक्रम प्रतिवेदन आयोगले छिट्टै प्रकाशित गर्नेछ ।